सनशाइन एनर्जी प्राइभेट लिमिटेड
SunShine Energy Pvt. Ltd.

को एउटा

जानकारी पत्र

>>>परिचय

हामी जलस्रोतका निम्ति धनी भनेर चिनिएता पनि पुग्दो विद्युतबाट अझै वञ्चित छौं। जलविद्युतको सुविधा उपभोग गर्ने जनताको संख्या निकै थोरै छ। अप्ठेरो भौगोलिक अवस्थिति तथा जलविद्युतका लागि महंगो लगानी अनि महंगो संचालन खर्चका कारण सौर्य उर्जालाई गाउँहरु उज्यालो पार्ने सरल माध्यमका रुपमा चिनिएको छ। घामबाट आएको शक्तिलाई संचित गरी आवश्यक पर्दा वत्ती बाल्ने लगायत अन्य विद्युतिय सामग्री प्रयोग गर्न सकिने यो प्रविधि निकै प्रख्यात छ।

देशमा उर्जाशक्तिको आवश्यकताको महसुस गरेर व्यवसायिक नेपाली नागरिकहरुको एक समूहले वैकल्पिक उर्जाको परिपूर्ति गर्ने शक्तिशाली माध्यमका रुपमा सनशाइन एनर्जी प्रा.लि. स्थापना गरेको हो। २०६१ भाद्र (२००४ अगस्त) मा स्थापित सनशाइनले शुरुदेखि नै देशभरि कार्य गर्न लागेको छ। ऐतिहासिक नगर ललितपुरको सुगम स्थानमा रहेको यस संस्थामा कार्यालय तथा उत्पादन कार्यहरु सम्पन्न गर्नका लागि प्रशस्त स्थान रहेको छ।

>>> लक्ष्य

"उद्देश्य के लिनु उडी छुनु चन्द्र एक", कवि देवकोटा भन्नुहुन्छ। हाम्रो निर्दिष्ट लक्ष्य सनशाइनलाई एउटा सशक्त ब्राण्ड बनाउनु हो जसमा कसैले पनि सजिलैसँग विश्वास गर्न सकुन्। हाम्रो लक्ष्य सनशाइन ब्राण्ड लाई स्थापित गराउनु हो। हामी जे प्रस्तुत गर्छौं त्यो सशक्त हुन्छ।

हामी गाउँहरुलाई उज्यालो दिएर सघाउँछौं। हामी गुणस्तरीय उत्पादनको सर्वश्रेष्ठ वितरणलाई ठूलो महत्व दिन्छौं जसले जीवनलाई सरल बनाउनका साथै सृजनात्मक सोच विस्तार गर्न सक्छन्।

>>>उत्पादन

नवीकरणीय र वैकल्पिक उर्जाका विभिन्न किसिमका सामग्री तथा प्रणालीहरु हाम्रा उत्पादन हुन्।

सबैभन्दा बढी ध्यान घरेलु सौर्य उर्जा प्रणालीलाई दिइएको छ। आवश्यकतालाई राम्ररी ध्यान दिएर, हामी एउटा वत्ती बल्ने बोकेर हिँड्न मिल्ने प्रणालीदेखि लिएर ग्रामीण स्थानमा सौर्य उर्जाबाट संचालन हुने एउटा सम्पूर्ण कार्यालयका लागि आवश्यक प्रणाली बनाउन सक्छौं। सौर्य पाता, ब्याट्री, चार्ज कन्ट्रोलर, वत्ती तथा अन्य संसाधनहरु हाम्रा उत्पादन हुन् जो टिकाउ, भरपर्दा र हरसम्भव सरल मुल्यमा पाइनेछन्।

हामीकहाँ १०/१२ वाट क्षमतादेखि १००/१५० वाट क्षमतासम्मका सौर्य प्रणालीहरु उपलब्ध छन् जसले क्रमशः २ देखि १० वत्ती बाल्न सक्नेछन्। क्षमता अनुार यी प्रणालीले श्यामश्वेत/रंगीन टेलिभिजन, रेडियो/क्यासेट/सीडी/भीसीडी, टेलिफोन सेट तथा अन्य १२ भोल्ट डी.सी. बाट चल्ने उपकरणहरु सजिलै चलाउन सक्छन्।

साथै, हामी सधैं नयाँ र नौलो किसिमका उत्पादनहरु विस्तार गर्न कोशिस गरिरहने छौं जसले गाउँलेहरुको जीवनस्तरलाई उकास्नेछन्।

सौर्य पानी तान्ने पम्प, सौर्य सडक वत्ती प्रणाली, कार्यालयहरुका लागि सौर्य प्रणाली, ट्रेकिङ आदिका लागि उपयुक्त बोकेर हिँड्न मिल्ने प्रणालीका साथै लघु जलविद्युत आयोजनाहरु हाम्रा उत्पादनहरु हुन्।

उत्पादनहरुको मूल्यका लागि मूल्य सूचि हेर्नुहोला।

>>>ग्यारेन्टी/वारेन्टी

सौर्य पाताहरुमा १० देखि २५ वर्षसम्मको ग्यारेन्टी पाइन्छ भने ब्याट्रीमा २ वर्षको। त्यसैगरी अन्य विद्युतिय सामग्रीमा २ वर्षको ग्यारेन्टी पाइन्छ भने वत्तीको ट्युबमा ९० दिनको। ग्यारेन्टी/वारेन्टी उपकरणको उत्पादकले दिए बमोजिम हुन्छ। विशेष जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

>>>सेवा

ग्राहकको सन्तुष्टि सेवा गर्ने संस्थाहरुको साझा आदर्श हो, हाम्रो पनि त्यही नै हो। बिक्री पश्चातको सेवाले नै प्रयोगकर्तालाई खुशी बनाउँछ।

हामीले प्रणाली जडान गरेको २ वर्षसम्म आवधिक रुपमा बिक्री पश्चातको सेवा प्रदान गर्छौं।

हामी हाम्रो ब्राण्डको सेवा गर्न जहाँ पनि प्रतिबद्ध छौं।

>>>सहकार्य

दुर्गम गाउँको एउटा ग्राहकदेखि साना सामूहिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय सरकारी एवं गैरसरकारी संस्था, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ संस्था तथा व्यक्ति एवं प्रतिस्पर्धी कम्पनीहरुसँग उर्जा क्षेत्रमा कार्य गर्न हामी सधैं तयार छौं। हामी सामूहिक कार्यमा विश्वास गर्छौं जसले धेरैलाई काम गर्ने मौका दिन्छ र फाइदा पनि।

>>>सम्पर्क

हामीलाई तपाईंको मूल्यवान गुनासो, सल्लाह तथा सुझावको सधैं खाँचो रहन्छ। त्यसका लागि कृपया निम्न ठेगानामा सम्पर्क राख्नुहोला।

धन्यवाद।

kf]a=g+@#@#*, hnwf/f dfu{ ;fdfv'zL, sf7df8f}+
kmf]g))(&& ! $#%#%#*, kmofS;M $#%%#$&
इमेल: info@sunshine.com.np वेबसाइट: www.sunshine.com.np